बैठक नं :२०

आज मिति २०७५ साल ~~...~~ श्रावण ०६ गतेका दिन विहान ११.०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | भेरी न.पा. ६, जाजरकोट | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | भेरी न.पा. ३, जाजरकोट | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | भेरी न.पा. १ जाजरकोट | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | भेरी न.पा. २ जाजरकोट | |
| ५ | श्री लिला वहादुर शाह | वडा अध्यक्ष | भेरी न.पा. ३ जाजरकोट | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | भेरी न.पा. ४ जाजरकोट | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | भेरी न.पा. ५ जाजरकोट | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | भेरी न.पा. ६ जाजरकोट | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | भेरी न.पा. ७ जाजरकोट | |
| १० | श्री कर्ण वहादुर कार्की | वडा अध्यक्ष | भेरी न.पा. ८ जाजरकोट | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | भेरी न.पा. ९ जाजरकोट | |
| १२ | श्री ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | भेरी न.पा. १० जाजरकोट | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | भेरी न.पा ११ जाजरकोट | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | भेरी न.पा. १२ जाजरकोट | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | भेरी न.पा. १३ जाजरकोट | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १७ | श्री बिन्दु शाही | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| १८ | श्री बिर वहादुर वादी | नगर कार्यपालिका सदस्य | भेरी न.पा १ जाजरकोट | |
| १९ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २० | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ४ जाजरकोट | मनकला |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| २२ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| २३ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |

| | | | | |
|---|---|---|---|---|
| २४ | डिल्लीराज वेल्वासे | सचिव (प्र. प्र. अधिकृत) | भेरी न.पा. जाजरकोट | |
| | आमन्त्रित | | | |
| २५ | दल वहादुर घर्ती | कार्यक्रम अधिकृत | भेरी नगरपालिका कार्यालय | |
| २६ | नवराज शाही | इन्जिनियर | भेरी नगरपालिका कार्यालय | |
| २७ | सूर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | भेरी न.पा. | |
| २८ | डम्वर वहादुर विष्ट | लेखापाल | | |
| २९ | उर्मिला शाह | ना.सु. | | |
| ३० | सनत दवाडी | ना.सु. | भेरी नगरपालिका कार्यालय | |
| ३१ | श्री केदार वहादुर कार्की | खरिदार | भेरी न.पा. न.का. कार्यालय | |
| ३२ | | | | |
| ३३ | | | | |
| ३४ | | | | |
| ३५ | | | | |

**निर्णय नं. १)** मिति २०७५ जेष्ठ २५ गते बसेको कार्यपालिका बैठकले प्रस्ताव एवं निर्णय गरेका विपत तर्फका योजनाहरुको भूक्तानी तथा हाल बर्षादका कारण नागरिकका घर,बस्ती, सडक जोखिम परेर संरक्षण गर्नुपर्ने अवस्था र प्राकृतिक प्रकोपका कारण नगरपालिकामा मर्मत संभार तथा पुनर निर्माणकालागि बढ्दो माग निवेदन रहेको अवस्थालाई समाधान गर्न गत आ.व. का बिभिन्न विनियोजन शिर्षक, खर्च शिर्षक, योजना तथा कार्यक्रमबाट संचित कोषमा फिर्ता–जम्मा भएको रकमबाट हाललाई विपत व्यवस्थापन कोषमा रु ४० लाख बजेट विनियोजन गर्ने र उक्त कोषवाट नगर कार्यपालिकाको कार्यालयले हाललाई तत्कालिन माग आवश्यकतालाई सम्बोधन गर्न रु १० लाखको ग्याविन र रु ५ लाखको पाईप तत्काल खरिद गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २)** शान्ती सुरक्षाको दृष्टिकोणले अत्यन्त संवेदनशिल ठानीएका यस नगरपालिकाका विभिन्न बजार क्षेत्रभित्र जडानका क्रममा रहेका सी.सी. टि.भि. क्यामराको जडान कन्ट्रोल रुम सम्म गर्नुपर्ने आवश्यकता रहेको भनि जिल्ला प्रहरी कार्यालय, जाजरकोटबाट थप रकम माग गरेको हुँदा रु १ लाख ५० हजार थप भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३)** नगरपालिकाको आन्तरिक श्रोत वृद्धिको महत्वपुर्ण आधार रहेको नगरपालिका भित्रको ढुङ्गा, गिट्टी, बालुवा र माटोको उत्खनन तथा संकलन कार्यकोलागि यस चालु आ.व.को लागि नियमानुसार बढा– बढमा टेन्डर तत्काल टेन्डर आव्हान गर्ने र यसकोलागि ठेक्का बढाबढको न्युनतम अंक रु १० लाख निर्धारण गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४)** नगरपालिकाको आ.व.०७४/७५ को बार्षिक समिक्षा भाद्र महिनाको पहिलो हप्ता भित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५)** यस नगरपालिकामा कार्यरत एल.जी.सी.डि.पी.का सामाजिक परिचालक बाहेक अन्य सबै तपशिलमा उल्लेखित (जि.स.स. बाट काजमा आएका विभिन्न पदका अस्थायी/करार दरबन्दीका कर्मचारी र नगरपालिकाका विभिन्न पदमा अस्थायी /करार ) कार्यरत अस्थायी/करार कर्मचारीहरुको करार समयावधि ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नामथर | पद | म्याद थपको मिति | म्याद थपको अवधि |
|---|---|---|---|---|
| १ | नवराज शर्मा | इन्जिनियर | २०७५/०४/१ देखि | ३ महिना |
| २ | सुर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | ,, ,, | ,, ,, |
| ३ | पवन खत्री | सव इन्जिनियर | ,, ,, | ,, ,, |
| ४ | राजेन्द्र विवश पुन | स्व.सचिव | ,, ,, | ,, ,, |
| ५ | केशव राज पुन | अमिन | ,, ,, | ,, ,, |

| | | | | |
|---|---|---|---|---|
| ६ | देव वहादुर घर्ती | अ.स.ई | ,, ,, | ,, ,, |
| ७ | धन वहादुर थापा | ,, | ,, ,, | ,, ,, |
| ८ | विष्णु वहादुर रोकाया | ,, | ,, ,, | ,, ,, |
| ९ | विरेन्द्रशिल घर्ती | लेखा तथा प्र शासनसहायक | ,, ,, | ,, ,, |
| १० | गोरख वहादुर शाही | ,, | ,, ,, | ,, ,, |
| ११ | भरत कुमार शर्मा | ,, | | |
| १२ | रमेश जंग शाह | सामाजिक परिचालक( सामुदायिक विकास कोष) | ,, ,, | ,, ,, |
| १३ | सर्मिला घर्ती चन्द | ,, | ,, ,, | ,, ,, |
| १४ | सृजना चौधरी | ,, | ,, ,, | ,, ,, |
| १५ | लाल बहादुर काकी | ,, | ,, ,, | ,, ,, |
| १५ | डिल बहादुर पुन | कार्यालय सहयोगी | ,, ,, | ,, ,, |
| १६ | गोपाल वहादुर महतरा | कार्यालय सहयोगी | ,, ,, | ,, ,, |
| १७ | रुद्र वहादुर शाही | ,, | ,, ,, | ,, ,, |
| १८ | विमला शाही | ,, | ,, ,, | ,, ,, |
| १९ | नरेश वि.क. | ,,जिससबाट आएको | ,, ,, | ,, ,, |
| २० | राम वहादुर नेपाली | नगरपालिका | ,, ,, | ,, ,, |
| २१ | शेर वहादुर अधिकारी | सवारी चालक | ,, ,, | ,, ,, |
| २२ | सुदिप के.सी | का.स. | ,, ,, | ,, ,, |

**निर्णय नं. ६)** यस नगरपालिकाका १३ वटै वडाहरुमा वडा नं. २,४ र ७ बाहेकका १० वटा वडाकालागि तथा नगरपालिकामा आवश्यक भएका २ वटा कार्यालय सहयोगी गरी जम्मा १२ वटा रिक्त कार्यालय सहयोगी दरवन्दीमा तपशिलमा उल्लेखित मापदण्डहरु कायम रहनेगरी सार्वजनिक खरिद नियमावली २०६४ तथा सेवा करार निर्देशिका,२०६४ बमोजिम करारमा पदपूर्ती गर्न तत्काल विज्ञापन गर्ने निर्णय गरियो ।

तपशिल :

- अधिकतम तलब मान : १६,३८०। (अक्षरुपी सोह्र हजार तीन शय असी रुपैंया मात्र)
- पद सँख्या : १२ ( वडा नं.१,३,५,६,८,९,१०,११,१२ र १३ र नगरपालिका प्रयोजनका लागि २)
- उमेरको हदवन्दि : १८–३५ बर्ष महिलाको हकमा १८–४० वर्ष
- शैक्षिक योग्यता : न्युनतम ८ कक्षा उत्तिर्ण
- दरखास्त पेश गर्ने स्थान : भेरी नगर कार्यपालिकाको कार्यालयमा
- वडा कार्यालयको हकमा सम्वन्धित वडाको उम्मेद्वार विच मात्र प्रतिस्पर्धा गराउने
- अन्य व्यवस्था : प्रचलित नियमानुसार

**निर्णय नं. ७)** भेरी नगर कार्यपालिकाको कार्यालयका लागि १ (एक) जना सव–ईन्जिनियर करारमा पदपुर्ती गर्न विज्ञापन गर्ने ।

**निर्णय नं. ८)** प्रदेश नं. १ को सुनसरी जिल्लाको धरान उप–महानगर पालिकाका नगर प्रमुख श्री तारा सुव्वाको आकास्मिक निधनको खवरले हामी स्तव्ध भयौ । यस दुःखको घडिमा मृत आत्म प्रति चिर शान्तिको कामना गर्दै निज मृतकका परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भन्ने कामनाकासाथ निज मृतकप्रति हार्दिक सम्वेदना प्रकट गरियो ।

**निर्णय नं.९)** बागेश्वरी आधारभुत विद्यालय, भेरी नगरपालिका –१, को विद्यालयलाई विद्यालय सामग्री खरिद वापत अनुदान रु ५ लाख रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०)** हाल प्राकृतिक विपतबाट क्षती पुगेका तपशिलमा उल्लेखित योजनाहरुलाई विपत कोषबाट भुक्तानी दिनेगरी निम्नानुसार बजेट विनियोजन गरि कार्यसम्पन्न आदेश दिने निर्णय गरियो ।तपशिल :

| योजनाको नाम | ठेगाना | बजेट |
|---|---|---|
| –सिर्जना वि.क.को घर अगाडि र पछाडिको पहिरो नियन्त्रण | भे.न.पा.–३, स्यालो | २ लाख |
| –सानिचौर सिचाई योजना बाढी पहिरोले फालेको कुलो मर्मत | भे.न.पा. –१० | १ लाख ५० हजार |
| –बोहरा भंके खा.पा. मर्मत बाढी पहिरोले फालेको | भे.न.पा.–४ | ५० हजार |

**निर्णय नं.११)** नगर कार्यपालिकाको कार्यचाप तथा सेवाग्राहिको सुविधालाई मध्यनजर गरी आवश्यक पुर्वाधार ( वडा सचिवहरुलाई तालिम सँचालन तथा वडाहरुमा आवश्यक व्याक अप जडान पुरा गरी ) तयार गरी आगामी असोज १ गते देखि नगरपालिकाका सबै वडाबाट एकिकृत सम्पती कर लगायत नगरपालिकामा लाग्ने सम्पुर्ण करहरु असुल गर्ने विषयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२)** यस नगरपालिकाको सवै वडामा सुरु गरिएको गरिव परिचय–पत्र वितरणको कार्यक्रमलाई अध्ययन गर्दा गरिव परिचय पत्र प्राप्त गर्ने व्यक्तिहरुको वास्तविक पहिचान नमिलेकाले संशोधन सहित यथार्थ विवरणकासाथ गरिव परिचय पत्र पहिचान तथा निर्माण गरी वितरण गर्ने विषयलाई एकिन गर्न अनुरोधकासाथ जि.स.स.मा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३)** यस नगरपालिकाको वडा प्रोफायल निर्माणको जिम्मेवारी वडा नं ९ र १३ मा स्वयं वडा समिति र अन्य ११ वटै वडाहरुको वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एशोसियट प्रा.ली. काठमाडौं मार्फत शुरु गरिएकोमा वडा नं ९ बाहेक वडा नं.१३ र अन्य ११ वटै वडाको उक्त प्रोफायल निर्माण कार्य सम्पन्न नभएको र डाटा ईन्ट्री र क्षेत्रगत डाटा विश्लेषणको क्रममा रहेकाले प्रोफायल निर्माणको जिम्मेवारी लिएको वडा नं १३ को वडा समिति तथा अन्य ११ वटै वडाकाको प्रोफायल निर्माणमा संलग्न कन्सल्टेन्सी वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एशोसियट प्रा.ली. काठमाडौंले समय अभावको कारण देखाई यस प्रोफायलको प्रारम्भिक प्रतिवेदन प्राप्त भएमा भुक्तानी हुने गरी उक्त प्रोफायल निर्माण कार्यको म्याद भाद्र महिना सम्म थप गरिपाउँ भनी कार्य प्रगति प्रतिवेदनसहित अनुरोध पत्र पेश गरेकाले माग बमोजिम हुने गरी उक्त प्रोफायल निर्माण कार्यको म्याद भाद्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४)** आ.व. ०७४/७५ मा सँचालन गरिएका विभिन्न योजनाहरुको कार्य सम्पन्न संम्झौतामा उल्लेख भए अनुसारको समायावधि भित्र सम्पन्न हुन नसकेको र कार्य सम्पन्नकोलागि प्रमुख प्रशासकिय अधिकृतबाट थप समय म्याद थप गरेर मात्र कार्य सम्पन्न गरेकोमा प्रमुख प्रशासकिय अधिकृतबाट उक्त म्याद थप गरेको कार्यलाई अनुमोदन गर्ने । साथै, आगामी दिनमा यसरी म्याद थप गर्ने कार्यको अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई प्रत्यायोजन गरेको निर्णय गरियो ।